# ●.......... नेपाल वायुसेवा निगमका कर्मचारीहरूको सेवा, शर्त र सुविधा सम्बन्धी नियमावली, २०५८

नेपाल राजपत्रमा प्रकाशित मिति
२०५८।१।१८

**संशोधन**

नेपाल वायुसेवा निगमसँग सम्बन्धित केही नियमहरुलाई संशोधन गर्ने नियमावली, २०७० — २०७०।१।३०

नेपाल वायुसेवा निगम ऐन, २०१९ को दफा २७ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यी नियमहरूको नाम "●......... नेपाल वायुसेवा निगमका कर्मचारीहरूको सेवा, शर्त र सुविधा सम्बन्धी नियमावली, २०५८" रहेको छ ।

♦(२) यो नियमावली नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएको मितिदेखि प्रारम्भ हुनेछ ।

२. **सेवा, शर्त सम्बन्धी व्यवस्था** : निगमका कर्मचारीहरूको सेवा, शर्त र सुविधा सम्बन्धी व्यवस्था नेपाल वायुसेवा निगम ऐन, २०१९ को दफा २७क. बमोजिम बनाइने विनियममा उल्लेख भए बमोजिम हुनेछ ।

३. **खारेजी र बचाउ** : (१) शाही नेपाल वायुसेवा निगमका कर्मचारीहरूको सेवा नियमावली, २०३१ खारेज गरिएकोछ ।

(२) शाही नेपाल वायुसेवा निगमका कर्मचारीहरूको सेवा नियमावली, २०३१ बमोजिम भए गरेका काम कारबाहीहरू नेपाल वायुसेवा निगम ऐन, २०१९ को दफा २७क. बमोजिम बनाइने विनियम बमोजिम भए गरेका मानिनेछन् ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

---

● नेपाल वायुसेवा निगमसँग सम्बन्धित केही नियमहरुलाई संशोधन गर्ने नियमावली, २०७० द्वारा झिकिएको ।
♦ यो नियमावली २०५८/५/१८ देखि लागू भएको । ( ने.रा.प २०५८/५/१८)

**द्रष्टव्य:** केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्वारा रुपान्तर भएको शब्दहरु:-
"श्री ५ को सरकार" को सट्टा "नेपाल सरकार" ।